19th of June

यो आकाशवाणी गान्तोक हो

समाचार

प्रेम सिंह तामाङले

मुख्य मन्त्री प्रेम सिंह तामाङले केन्द्रीय वित्तमन्त्री Nirmala Sitharamanको अध्यक्षतामा आयोजित बाह्य सहायता प्राप्त परियोजना (EAP) सम्बन्धी संगोष्ठीमा सहभागिता जनाउनु भयो। उक्त कार्यक्रममा उत्तरपूर्वी तथा हिमाली राज्यहरूका मुख्यमन्त्रीहरू, भारत सरकारका वरिष्ठ अधिकारीहरू तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

संगोष्ठीका क्रममा मुख्यमन्त्रीले केन्द्र सरकारप्रति निरन्तर सहयोगका लागि आभार व्यक्त गर्दै SASCI अन्तर्गत प्राप्त सहयोग, 'प्राइड अफ द हिल्स' पहलको स्वीकृति तथा उत्तरपूर्व क्षेत्रको बौद्ध सर्किट विकास योजनामा सिक्किमलाई समावेश गरिएको विषयलाई उल्लेख गर्नुभयो। साथै उहाले, राज्यले ऊर्जा, वन, सम्पर्क पूर्वाधार तथा सामाजिक कल्याणलगायत विभिन्न क्षेत्रमा बाह्य सहायता प्राप्त परियोजनाहरूको सफल कार्यान्वयनबारे जानकारी गराउनुभयो।

EPFO

कर्मचारी भविष्य निधि संगठन (EPFO) सिक्किमले आज देशभरका 200 स्थानमा एकसाथ आयोजित प्रधानमन्त्री विकसित भारत रोजगार योजना (PM-VBRY) को राष्ट्रिय कार्यान्वयन कार्यक्रममा सहभागिता जनाएको छ।

श्रम तथा रोजगार मन्त्रालयद्वारा नयाँ दिल्लीस्थित विज्ञान भवनमा आयोजित राष्ट्रिय कार्यक्रममा प्रधानमन्त्री Narendra Modi ले प्रत्यक्ष लाभ हस्तान्तरण (DBT) मार्फत करिब 2 हजार 400 करोड रुपैयाँ बराबरको प्रोत्साहन रकम वितरण गर्नुभयो। आज गान्तोकमा आयोजित कार्यक्रममा श्रम तथा रोजगार विभागका मन्त्री Bhim Hang Limboo प्रमुख अतिथिका रूपमा उपस्थित रहनुभयो। यस योजनाअन्तर्गत सिक्किमका चौरासी वटा प्रतिष्ठानसँग आबद्ध एक सय सडसठ जना लाभग्राही लाभान्वित भएका छन्।

G.T. Dhungel

सिक्किम राज्यमा तृतीय-स्तरीय स्वास्थ्य सेवाको सुदृढीकरण गर्ने सरकारको निरन्तर प्रयासअन्तर्गत स्वास्थ्य तथा परिवार कल्याण विभागका मन्त्री G.T. Dhungel, स्वास्थ्य तथा परिवार कल्याण विभागका अध्यक्ष Phurba Rinzing Sherpa तथा राष्ट्रिय स्वास्थ्य अभियान (NHM) का मिशन निर्देशक Dr. Bikash Pradhan ले National Organ and Tissue Transplant Organisation (NOTTO) का निर्देशक Dr. Anil Kumar Yadav सँग भेट गरी सिक्किममा मिर्गौला प्रत्यारोपण सेवा स्थापना गर्ने विषयमा छलफल गर्नुभयो।

भेटका क्रममा डा. अनिल कुमार यादवले राज्यमा आगामी अगस्ट भित्र मिर्गौला प्रत्यारोपण सेवा सञ्चालन गर्न आवश्यक प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धि सम्बन्धी सम्पूर्ण सहयोग उपलब्ध गराउने आश्वासन दिनुभयो।

प्रस्तावित मिर्गौला प्रत्यारोपण कार्यक्रमले अन्तिम चरणको मिर्गौला रोगबाट पीडित बिरामीहरूलाई जीवनरक्षक उपचार सहज रूपमा उपलब्ध गराउनुका साथै उपचारका लागि राज्यबाहिर जानुपर्ने बाध्यताहरु कम गर्ने अपेक्षा गरिएको छ।

## लोकसभा सांसद Indra Hang Subba

सिक्किमका लोकसभा सांसद Indra Hang Subba ले हिजो रेल भवनमा केन्द्रीय रेलमन्त्री Ashwini Vaishnaw सँग भेट गरी सिक्किमका महत्वपूर्ण रेल परियोजनाहरूको प्रगतिबारे छलफल गर्नुभयो। भेटका क्रममा सांसद सुब्बाले प्रस्तावित रम्फु–रानीपूल रेल परियोजनाको प्रक्रिया छिटो अघि बढाउन तथा मेल्ली–दन्ताम रेलमार्गको अन्तिम स्थान सर्वेक्षण (FLS) शीघ्र सम्पन्न गर्न आग्रह गर्नुभएको छ। उहाले यी परियोजनाले सिक्किममा यातायात, पर्यटन, व्यापार तथा आर्थिक विकासलाई ठूलो टेवा पुऱ्याउने बताउनुभएको छ।

## पत्र सूचना कार्यालय

पत्र सूचना कार्यालय (PIB), गान्तोकद्वारा आज गान्तोकमा “१२ वर्ष – विश्वासका, विकासका र जनकल्याणका” विषयमा एकदिने मिडिया अन्तरक्रिया कार्यक्रम ‘वार्ता’ आयोजना गरियो। कार्यक्रममा क्षेत्रीय सञ्चारकर्मी, शिक्षाविद्, MIB का अधिकारीहरू तथा राज्यका सञ्चारसम्बन्धी अधिकारीहरू एकै मञ्चमा भेला भई भारतमा केन्द्र सरकारको 12 वर्षे रूपान्तरणकारी शासन यात्राबारे खुला छलफल गरे।

कार्यक्रममा सिक्किम सरकारको सूचना तथा जनसम्पर्क विभागकी सचिव अन्नपूर्णा आले प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो भने सिक्किमका मुख्यमन्त्रीका प्रेस सचिव  यौगन तामाङ विशिष्ट अतिथिका रूपमा सहभागी हुनुभएको थियो।

**भानु जयन्ती**

212 औँ राष्ट्रियस्तरीय भानु जयन्ती समारोहको तयारीलाई लिएर सोरेङमा जिल्ला अध्यक्ष तिला देवी गुरुङको अध्यक्षतामा आज एक समन्वय बैठक सम्पन्न भयो।

बैठकमा कार्यक्रमको विस्तृत कार्यतालिका, विभिन्न प्रतियोगिताहरूका निर्णायकहरूको चयन, विशिष्ट अतिथि तथा अतिथिलाई निमन्त्रणा गर्ने व्यवस्था तथा अन्य व्यवस्थापकीय विषयहरूमा विस्तृत छलफल गरियो। बैठकमा गरिएको निर्णयअनुसार आगामी 29 जुनमा जिल्ला स्तरीय रामायण पाठ कार्यक्रम आयोजना गरिनेछ। सो कार्यक्रमबाट छनोट भएको टोलीले मुख्य भानु जयन्ती समारोहमा जिल्लाको प्रतिनिधित्व गर्नेछ।